**बैठक संख्या ०५ (२०८१/८२)**

**बैठक सञ्चालन**

क. मिति २०८१/०८/२७ गते बिहीबार

ख. बिहानः- ८:०० बजे ।

---

**क. प्रस्तावहरुः-**

१. कयर खोलाको ढुङ्गा गिट्टि बालुवा उत्खनन, संकलन तथा बिक्रि वितरणको लागि तयार भएको प्रारम्भिक वातावरणीय प्रीक्षण (IEE) प्रतिवेदन स्वीकृति गर्ने सम्बन्धमा ।

२. खैरहनी वडा नं १३ का वडा अध्यक्ष श्री कुलप्रसाद भुसालको सिघ्र स्वाथ्यलाभको कामना सम्बन्धमा ।

**ख. निर्णयहरु**

**निर्णय नं १**

खैरहनी नगरपालिका, नगर कार्यापलिकाको कार्यालय र श्री **Sunshine Engineering Consultancy and Construction Pvt. Ltd. , Bharatpur, Chitwan** बीच " कयर खोलाको ढुंगा, गिट्टी, बालुवा उत्खनन, संकलन तथा बिक्रि वितरण गर्न प्रारम्भिक वातवरणीय परीक्षण" का लागि मिति २०८१/५/१७ मा भएको सम्झौता अनुरुप श्री **Sunshine Engineering Consultancy and Construction Pvt. Ltd., Bharatpur, Chitwan** ले यस कार्यालयमा पेस गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **(IEE),** यस पालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि - २०७७ को दफा ७ को उपदफा (४) बोमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

खैरहनी नगरपालिका वडा नं १३ का वडा अध्यक्ष र सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री कुलप्रसाद भुसालज्यू किड्नी सम्बन्धी स्वास्थ्य समस्याको कारण काठमाण्डौंमा उपचार गरीरहनु भएकोले खैरहनी नगरपालिकाको तर्फबाट वडाअध्यक्ष श्री कुलप्रसाद भुसालज्यूको सिघ्र स्वाथ्यलाभको कामना गर्दै उहाँको उपचारको लागी सहयोग गर्ने सन्दर्भमा वडा अध्यक्ष श्री कुल प्रसाद भुसाल र उहाँको परिवारसंग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

Scanned with CamScanner